"स्वास्थ्यको लागि खेलकूद, राष्ट्रको लागि खेलकूद"

# अखिल नेपाल फुटबल संघ

(फिफा/ए.एफ.सि. र रा.खे.प. बाट मान्यता प्राप्त)

पंकज बिक्रम नेम्वाङ्ग
अध्यक्ष

किरण राई
महा-सचिव

च.नं. ४८६/०८१/०८२

मितिः २०८१/०८/२८

श्री अध्यक्ष ज्यू

आर.सि.टि, टुसाल युवा क्लब, ब्रिगेड ब्वाईज क्लव, ब्वाईज युनियन क्लब, मध्यपुर युथ एसोसियसन, च्यासल युथ क्लब, नया बस्ती युवा क्लब, सरस्वती युवा क्लव, विरगंज युनाइटेड ।

विषयः टिम दर्ता तथा प्रतियोगिता नियमावली बारे ।

महोदय

उपरोक्त सम्बन्धमा **मिति २०८१/०८/०६** गते एन्फा कम्प्लेक्स, सातदोवाटोमा अखिल नेपाल फुटवल संघ र बि डिभिजनका क्लवहरु विच सम्पन्न भएको बैठकको निर्णय अनुसार संघको आयोजनामा मिति **२०८१/१०/१३** गते देखि हुन गईरहेको बि डिभिजन लिग प्रतियोगिताको लागी क्लव दर्ता गर्नको लागी **मिति २०८१/०८/०९, च.नं : ४८०/०८१/०८२** बाट **मिति २०८१/०८/२१** सम्म क्लव दर्ताको लागी जानकारी गराएको र दर्ता गर्ने अन्तिम मिति सम्म ५ वटा क्लवहरु मात्र दर्ता भएकोमा बि डिभिजनका क्लवका प्रतिनिधीहरु र संघका प्रतिनिधीहरु बीचको छलफल भई थप ७ दिन टिम दर्ता गर्ने समय क्लवहरुबाट माग भएबमोजिम यस संघको website बाट पुन ७ दिनको लागी समयसीमा थप गरिएकोमा मिति **२०८१/०८/२८** समयसीमा सम्म पनि उल्लेखित नौ क्लवहरुले टिम दर्ता नगरेको हुदाँ टिम दर्ता गर्न बाकी रहेको टिमहरुलाई **मिति २०८१/०९/०४** गते सम्म कार्यालय समयभित्र टिम दर्ता गर्न अन्तिम पटक अनुरोध गर्दछु ।

नोट :
यसै पत्रसाथ प्रतियोगिता नियमावली समेत सम्लग्न रहेको समेत जानकारी गराउदछु ।

किरण राई
महासचिव

# अखिल नेपाल फुटबल संघ
## शहिद स्मारक 'बि' डिभिजन लीग फुटबल प्रतियोगिता नियमावली-२०८१

परिच्छेद-१

प्रारम्भिक

**नियम (१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस प्रतियोगिताको नाम **शहिद स्मारक 'बि' डिभिजन लीग फुटबल प्रतियोगिता २०८१** रहनेछ र अंग्रेजीमा यस प्रतियोगितालाई **MARTY'S MEMORIAL 'B' DIVISION LEAGUE 2024/25** भनिनेछ ।

ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**नियम (२) परिभाषा :**

**बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा,**

क) 'संघ' भन्नाले **अखिल नेपाल फुटवल संघ**लाई सम्झनु पर्दछ ।

ख) 'समिति' भन्नाले संघले प्रतियोगिता संचालानार्थ गठित विभिन्न समितिहरु लिग समिति, प्रतियोगिता समिति, अनुशासन समिति र रेफ्रि समिति आदिलाई सम्झनु पर्दछ ।

ग) 'प्रतियोगिता' भन्नाले ***शहिद स्मारक 'बि' डिभिजन लीग फुटबल प्रतियोगिता २०८१*** लाई सम्झनु पर्दछ ।

घ) 'क्लव वा टिम' भन्नाले संघमा यस बर्ष शहिद स्मारक 'बि' डिभिजन लीग फुटबल प्रतियोगिता २०८१ मा सहभागी 'बि' डिभिजनका क्लव वा टिमहरुलाई मात्र सम्झनु पर्दछ ।

परिच्छेद -२

आयोजक, प्रविधिक तथा खेल संचालन

**नियम (१) आयोजक तथा व्यवस्थापक**

यस प्रतियोगिताको आयोजक अखिल नेपाल फुटबल संघ हुनेछ र प्रतियोगिता सम्बन्धि सम्पूर्ण प्राबिधिक व्यवस्थापनको उत्तरदायित्व संघद्धारा गठित लीग समितिले बहन गर्नेछ ।

**नियम (२) खेल स्थल तथा संचालन मिति**

प्रतियोगिताका सम्पूर्ण खेलहरु संघले निर्धारण गरेको खेलमैदानमा **मिति २०८१ माघ १३** गते देखि संचालन गरीनेछ ।

**नियम (३) आयोजक समिति**

**अखिल नेपाल फुटबल संघ** प्रतियोगिता **मुल आयोजक समिति**को रुपमा कार्यरत रहनेछ भने **लिग समिति**ले सम्पुर्ण व्यवस्थापनको जिम्मेवारी वहन गर्नेछ ।

**नियम (४) समितिहरु**

आयोजक समिति अन्तर्गत विभिन्न समिति तथा उप-समितिहरु गठन गर्ने अधिकार संघमा निहित रहनेछ ।

**नियम (५) सहभागीता**

संघमा आवद्ध रहेको निम्न **१४ वटा 'बि' डिभिजनका** क्लब वा टिमहरुले संघले निर्धारण गरेको समयमा रितपूर्वक टिम दर्ता गराई

यस प्रतियोगितामा सहभागीता हुन पाउनेछन् ।

| | | | |
|---|---|---|---|
| १) आर.सि.टि | २) श्री भगवती क्लब | ३) टुसाल युवा क्लब | ४) ब्रिगेड ब्वाईज क्लव |
| ५) ब्वाईज युनियन क्लब | ६) मध्यपुर युथ एसोसियसन | ७) च्यासल युथ क्लब | ८) श्री कुमारी क्लब |
| ९) बाँसवारी क्लब | १०) नया बस्ती युवा क्लब | ११) सरस्वती युवा क्लव | १२) विरगंज युनाइटेड क्लब |
| १३) झापा फुटवल क्लव | १४) प्लानिङ्ग ब्वाइज युनाईटेड क्लव | | |

माथि उल्लेखित क्लबहरुले यस ***शहिद स्मारक 'बि' डिभिजन लीग फुटबल प्रतियोगिता २०८१*** मा सहभागीता नजनाएमा सहभागि नहुने क्लब वा टिमहरुलाई 'सि' डिभिजनमा झारीनुका साथै संघले यसै प्रतियोगिता नियमावली (२२) अनुसार थप कारवाही तथा जरीवाना गरीनेछ । साथै तोकिएको समयसीमा भित्र क्लव दर्ता नभएमा दर्ता भएको क्लवहरु विच मात्र ***शहिद स्मारक 'बि' डिभिजन लीग फुटबल प्रतियोगिता २०८१*** संचालन गरिने छ ।

**नियम (६) टिम दर्ता**

यस प्रतियोगितामा सहभागी हुने टिम/क्लबले **रु १०,०००।-(दश हजार रुपैया)** संघको नाममा **नेपाल इन्भेष्टमेन्ट मेघा बैंक**को खाता नं.००१०१०१००३१३५४ मा टिम इन्ट्रि शुल्क बुझाएको भौचर सहित संघले तोकेको समय **सीमा भित्र** टिम दर्ता गर्नुपर्ने छ ।

**नियम (७) खेलाडी दर्ता**

१) अखिल नेपाल फुटबल संघद्धारा जारी प्रतियोगिता नियमावलिको अधिनमा रहि बर्ष २०७८/७९ को शहिद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितामा सहभागि क्लबहरुबाट दर्ता भैसकेका खेलाडीहरु र वर्ष २०८०/८१ मा संचालन भएको शहिद स्मारक सि डिभिजन लिग फुटबल प्रतियोगितामा दर्ता भएका खेलाडीहरु बाहेकका नेपाली नागरीकहरुले मात्र यस प्रतियोगितामा क्लब/टिमहरुबाट (कम्तिमा १८ जना र बढिमा ५० जना) दर्ता भई सहभागी हुन पाउनेछन् । साथै सहभागी क्लबहरुले अफिशियल (मुख्य प्रशिक्षक, टिम मेनेजर र डाक्टर/फिजियो) ३ जना अनिवार्य रुपले दर्ता गराउनु पर्नेछ भने थप ४ जना अफिसियल समेत दर्ता गराउन सक्नेछन् । प्रशिक्षक दर्ता गराउंदा कम्तिमा ए.एफ.सि. 'बि' लाईसेन्स प्राप्त प्रशिक्षक हुनु पर्दछ । प्रत्येक क्लब /टिमले मिति २०८१ पौष १४ गते सम्ममा न्यूनतम १८ जना खेलाडी र ३ अफिसियल (मुख्य प्रशिक्षक, टिम मेनेजर र डाक्टर/फिजियो) अनिवार्य रुपमा दर्ता गराउनुपर्नेछ । साथै बाँकी खेलाडीहरु आफ्नो खेल हुने मिति भन्दा ४८ घण्टा (२ दिन) अगाडी दर्ता गराई खेलाउन सकिनेछ । प्रत्येक खेलाडी/अफिसियल दर्ता बापत रु.१,०००।- को बैङ्क भौचर साथै पेश गर्नु पर्नेछ । दर्ता फारमको साथमा नागरीकता वा राहदानीको प्रतिलिपि र खेलाडीको कम्तीमा ३ महिना बिमा गरीएको प्रमाणको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । खेलाडी दर्ता अवधि शहिद स्मारक बि डिभिजन लिगको अवधि सम्म मात्र कायम रहनेछ र बि डिभिजन लिगको समाप्ती पछि कुनै पनि खेलाडीले सम्बन्धित क्लबको स्वीकृति लिई काठमाण्डौ बाहिर संचालन हुने फुटबल प्रतियोगितामा 'ए' डिभिजनको क्लब वा अन्य क्लब/टिमबाट खेल्न सक्नेछ ।

२) कुनै पनि क्लब वा टिमले बिदेशी खेलाडी दर्ता गराई खेलाउन पाउने छैन ।

३) खेलाडी तथा अफिसियल दर्ता भएपश्चात खेल मिति को दिन खेल हुरु हुने समय भन्दा Starting List, Substitution and Official List खेल शुरु हुनुभन्दा ९० मिनेट अगाडी FIFA Connect APP मार्फत दर्ता गरी सक्नुपर्नेछ ।

४) अखिल नेपाल फुटबल संघ (एन्फा) अर्न्तगत रहेको जिल्ला फुटबल संघ, प्रदेश संघ, एन्फामा कार्यरत प्रशिक्षकहरु र नेपालको राष्ट्रिय फुटबल टिम, नेपालको राष्ट्रिय फुटसल टिमबाट प्रशिक्षक भईसकेका प्रशिक्षकहरुलाई समेत दर्ता गराई खेलाउन पाउने छैन ।

५) खेलाडीहरु दर्ता गर्दा Pre Competition Medical Assessment (PCMA) अनिवार्य रुपमा गरेको हुनुपर्ने छ ।

६) शहिद स्मारक 'ए' डिभिजन लिग २०७८/७९ मा सहभागी टिमबाट दर्ता भइसकेका अफिसियलहरु दर्ता गराउन पाइने छैन ।

**नियम (८) परिचय पत्र**

१) यस प्रतियोगितामा सहभागी टिमहरुले प्रत्येक दिन खेल खेल्नु अघि खेलाडीहरु र अफिसियलहरुले अनिवार्य रुपमा संघद्धारा बितरित परिचय पत्र (Accreditation Card) ल्याउनु पर्नेछ । म्याच अगाडी म्याच कमिश्नरले खेलाडीहरुको (Accreditation Card) जांच गर्नेछ र यदि कुनै खेलाडीसंग परिचय पत्र (Accreditation Card) नभएमा त्यस्ता खेलाडीहरुले खेल खेल्न पाउने छैन । परिचय पत्र (Accreditation Card) नभएका वा खेल खेल्ने दिन परिचय पत्र साथमा लिई नआउने खेलाडी तथा

अफिसियलहरुलाई Substitute Bench मा समेत बस्ने अनुमति दिईने छैन । कुनै पनि टिमबाट दर्ता भएका खेलाडी वा अफिसियलले आफ्नो परिचय पत्र(Accreditation Card) हराएमा सम्बन्धित क्लबले लिखित निवेदन सहित **जरीवाना स्वरुप रु.२,०००।(दुई हजार रुपैया)** दिई अर्को परिचय पत्र (Accreditation Card) लिनु पर्नेछ । खेल खेल्ने दिन परिचय पत्र हराएमा त्यस्ता खेलाडीलाई खेल्न अनुमति दिईनेछ भने अफिशियललाई पनि Substitute Bench मा बस्ने अनुमति दिईनेछ तर परिचय पत्र हराएको जानकारी सम्बन्धित क्लब मार्फत लिखित रुपमा जानकारी गराई जरीवाना रु.२,०००। (दुई हजार रुपैया) तिरेको हुनु पर्नेछ ।

२) प्रत्येक दिन खेल खेल्ने दुई टिमका खेलाडीहरु र अफिसियलहरुले मात्र संघले प्रदान गरेको परिचय पत्र (Accreditation Card) देखाई खेल मैदानमा प्रवेश पाउनेछ । प्रतियोगितामा सहभागी अन्य टिमका खेलाडीहरु तथा अफिसियलहरु संघले निर्धारण गरेको स्थानमा वा प्यारापिटमा मात्र प्रवेश गर्न पाउने छन् ।

**नियम (९) खेल नियमावली**

प्रतियोगिताका सम्पूर्ण म्याचहरु बिश्व फुटबल महासंघ (FIFA), आई एफ ए बोर्डद्धारा पारित गरी लागु गरेको लज अफ दि गेम (Laws of the Game), ए.एफ.सी.को प्रतियोगिता नियमावली र आयोजजक समितिद्धारा जारी गरीएको नियमको अधिनमा रहि यस नियमावलीलाई समेत लागु गरी खेलाईनेछ ।

**नियम (१०) खेल प्रणाली**

यस प्रतियोगितामा सहभागि १४ वटा क्लब /टिमहरुलाई **दोहोरो राउण्ड रोबिन** लिगको आधारमा खेलाईने छ ।

**नियम (११) खेल तालिका**

यस प्रतियोगिताको खेल तालिका आयोजक समितिले निर्धारण गर्नेछ । कुनै पनि आकस्मिक वा प्रबिधिक कारणवश खेल तालिका परिवर्तन गर्नु परेमा सोको अधिकार आयोजक समितिमा निहित रहनेछ । आवश्यकता अनुसार आयोजक समितिले खेल तालिकामा मिति र समयमा हेरफेर गरेर एउटै समयमा भिन्न मैदानमा खेलाउन सकिने छ ।

**नियम (१२) खेल अवधि**

यस प्रतियोगिताको प्रत्येक म्याच ४५-४५ मिनेटको दुई हाफ गरि जम्मा ९० मीनेट खेलाइने छ र १५ मिनेटको विश्राम दिईनेछ । १५ मिनेटको समय गणना गर्दा पहिलो हाफको व्हिसेल बाट दोस्रो हाफ सुरु हुने व्हिसेललाई मानिने छ ।

**नियम (१३) वार्मिङ्ग अप**

प्रतियोगितामा सहभागी टिमहरुले खेल मैदानमा म्याच शुरु हुनु भन्दा **५० मिनेट अगाडी मात्र वार्मिङ्ग अप** गर्न पाईनेछ भने म्याच शुरु हुन भन्दा २० मीनेट अधि आ-आफ्नो टिमको वार्मिङ्ग अप समाप्त गरी सक्नु पर्नेछ । साथै खेल दौरान बढीमा ३ जना खेलाडीहरु एकै पटक वार्मिङ्ग अप गर्न पाईनेछ भने वार्म अप गर्दा टिम बेन्चमा रहेका १ जना प्रशिक्षक, सहायक प्रशिक्षक, गोल किपर प्रशिक्षक वा अफिशियलहरुले वार्मिङ्ग अप एरियामा मदत गरी प्रशिक्षण गराउन सकिनेछ

**नियम (१४)**

**(क) अंक तथा स्थान निर्धारण**

१) यस प्रतियोगिताको प्रत्येक खेलमा बिजयी हुने टिमलाई ३ अंक दिइनेछ । खेल बराबर भएमा दुबै टिमलाई १/१ अंक दिईनेछ भने हार्ने टिमले कुनै पनि अंक प्राप्त गर्ने छैन । सबै भन्दा बढि अंक हासिल गरेको आधारमा टिमहरुको स्थान निर्धारण गरीने छ ।

२) यदी २ वा २ भन्दा बढी टिमहरु बिच अंक बराबर हुन गएमा एशियाली फुटबल महासंघले प्रतियोगिता नियमावलीमा निर्धारण गरे अनुरुप आधारमानि निम्न प्रक्रियाअनुसार स्थान निर्धारण गरीनेछ ।

२.१) सम्बन्धित टिमहरु (अंक बराबर भएको टिमहरु बीच मात्र) को खेल नतिजाको आधारमा

२.२) सम्बन्धित टिमहरु (अंक बराबर भएको टिमहरु बीच मात्र) बिच गोल अन्तरको आधारमा (गरेको र खाएको गोलको अन्तरबाट)

२.३) सम्बन्धित टिमहरु (अंक बराबर भएको टिमहरु बीच मात्र) बिचको खेलमा बढी गोल गरेको आधारमा

२४) सबै खेलहरुको गोल अन्तरको आधारमा

२.५) सबै खेलहरुमा बढी गोल गरेको आधारमा

२.६) फेयर प्ले प्वाईन्टको आधारमा (पहेलो कार्डको -१, रातो कार्ड (दोहोरो पहेलो कार्ड) को -३, रातो कार्ड -४ अंक गरेर गणना गर्दा सबैभन्दा कम अंक हासिल गर्ने टिम)

३) माथि उल्लेखित सबै प्रक्रियाहरुबाट पनि स्थान निर्धारण हुन नसकेमा दुई टिम भए टस (Toss) द्धारा र दुई भन्दा बढी भएमा गोला प्रथाद्धारा स्थान निर्धारण गरिनेछ ।

**नियम (१५) श्रेणी परिवर्तन**

यस **शहिद स्मारक 'बि' डिभिजन लीग फुटबल प्रतियोगिता २०८१** मा अन्तिम दुई स्थान (१३औं र १४औं स्थान) हासिल गर्ने क्लब/टिमलाई रेलिगेसनमा पारी आगामी बर्ष श्रेणी परिवर्तन गरी तल्लो श्रेणी (सि)मा राखिने छ । शहिद स्मारक 'बि' डिभिजन लीग फुटबल प्रतियोगिता २०८१ मा सबै भन्दा बढि अंक प्राप्त गरेर प्रथम र द्वितीय हुने २ क्लब/टिमलाइ प्रमोशन (बढुवा) गरी आगामी बर्ष 'ए' डिभिजनमा प्रवेश गराईने छ ।

**नियम (१६) जर्सी कलर र किट्स**

१) प्रत्येक टिमको दुई भिन्न रंगको (एक आपसमा मेल नखाने) दुई सेट जर्सी हुनुपर्ने छ । जर्सीमा अगाडी १०-१५ सेमी र पछाडी २५-३५ सेमी को नंबर भएको हुनु पर्दछ । र हाफ पाईन्टमा पनि १०-१५ सेमी को नंबर भएको हुनुपर्दछ । प्रत्येक क्लव/टिमले आ-आफ्नो जर्सीमा आयोजकले उपलब्ध गराएको प्रतियोगिताको मुख्य प्रायोजकको लागो अकिंत Sleeve BAdge जर्सीको दाँया बाहुला Right SLeeve मा अनिवार्य रुपले राखेको हुनुपर्नेछ । साथै टिमले आफ्नो् जर्सीको अगाडी २०० $cm^2$ सम्मको विज्ञापन राख्न सक्नेछ । जर्सीको पछाडी नम्वरको माथी र तल दुई स्थानमा पनि १००/१०० $cm^2$ सम्मको विज्ञापन राख्न सक्नेछ । जर्सीको बाया बाहुला Left SLeeve मा पनि १०० $cm^2$सम्मको विज्ञापन राख्न सक्नेछ ।

२) प्रत्येक म्याचमा जर्सी कलर निर्धारण गर्दा निम्न प्राथमिकताको आधारमा गरीनेछ ।

क) टिम 'ए' ले पहिलो कलरको जर्सी ।

ख) टिम 'बि' ले पहिलो कलरको जर्सी लगाउन पाउने छ यदि टिम 'ए' को जर्सी कलर संग जुध्न नगएमा ।

ग) टिम 'बि' ले दोस्रो कलरको जर्सी लगाउन पर्नेछ यदि टिम 'ए' को जर्सी कलर संग जुध्न गएमा ।

घ) यदि टिम 'ए' र टिम 'बि' ले दुबैले पहिलो र दोस्रो कलर जुध्न गएमा म्याच कमिस्नरले दुबै टिमलाई नजुध्ने गरी मिलाएर जर्सी निर्धारण गरीने छ ।

**नियम (१७) ग्राउण्ड रिपोटिङ्ग**

१) प्रत्येक टीमले खेल शुरु हुनुभन्दा कम्तिमा ९० मिनेट अगाडी खेल्ने ११ खेलाडी तथा न्युनतम ७ र अधिक्तम १२ सुरक्षित खेलाडीहरु सहित टिम क्याप्टेन र गोल रक्षक निर्धारण गरिएको स्टार्टिङ्ग लिस्ट (Starting List) FIFS Connecrt App मा भरि म्याच कमिस्नरलाई बुझाउनु पर्नेछ । साथै १२ सुरक्षित खेलाडीहरु संग बस्ने अन्य ७ जना अफिसियल (प्रशिक्षक, टिम मेनेजर र टिम डक्टर) गरी जम्मा १९ जना मात्र खेलाडी बक्समा बस्न पाउनेछन र निजहरुको नाम स्टार्टिङ्ग लिष्टमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । सुरक्षित खेलाडीको लिष्टमा १ जना गोलरक्षक अनिवार्य राख्नुपर्नेछ । सहभागी टिमका प्रशिक्षक तथा अफशियलहरु मध्ये खेल दौरान एक जना मात्र Technical Area मा आई खेल्ने खेलाडीहरुलाई एसिष्ट गर्न पाईनेछ । उपरोक्त अनुसारका खेलाडी र अफिसियलहरु खेलाडी दर्ता नियमावली बमोजिम दर्ता रहेका खेलाडी र अफिसियल हुनु पर्नेछ । यसरी खेलाडी बक्समा बस्ने खेलाडीहरु तथा अफिशियलहरुले म्याच दौरान कुनै पनि Electronic Device हरु (जस्तैः मोबाईल, ल्यापटप, ट्यावलेट र क्यामेरा आदी ) प्रयोग गर्न म्याच कमिस्नरको स्वीकृति लिई चलाउन सक्नेछ ।

**नियम (१८) सट्टा खेलाडी**

१ प्रत्येक खेलमा कुनै पनि टीमले १२ सुरक्षित खेलाडीहरु मध्ये ५ खेलाडीहरु (गोलकिपर सहित, ३ पटकमा) सट्टा खेलाडीको रुपमा खेलाउन सक्नेछ ।

२.कुनै १ टिममा खेल दौरान ३ पटकको Subsitution मौका प्रयोग भैसकेको अवस्थामा **Concussion Substitution Injury** भै टिम डाक्टर वा Venue डाक्टरको सिफारिसमा घाईते खेलाडी खेल्न नसक्ने अवस्थामा सोही टिमका अर्को खेलाडी वा परिवर्तन भैसकेको १ खेलाडी Concussion Substitution रुपमा मैदान प्रवेश गर्न सक्नेछ । यसरी कुनै एक टिमले Concussion Substitution लिएमा सोही खेलमा विपक्ष टिमले आफ्नो टिमले खेल दौरान ३ पटकको Subsitution मौका प्रयोग भैसकेको अवस्था भएमा पुन १ Substitution गर्न सक्नेछ ।

**नियम (१९) प्रतियोगिता, रेफ्रि तथा अनुशासन समितिको काम, कर्तव्य र अधिकार**

**१) प्रतियोगिता समिति**

प्रतियोगिताको प्रत्येक खेल सुचारु रुपले संचालन गर्न प्रतियोगिता समितिले गरेका निर्णय अन्तिम र मान्य हुनेछ ।

**२) अनुशाशन समिति**

प्रतियोगिता दौरान अनुशासन समितिको निर्णय अन्तिम र मान्य हुनेछ उक्त निर्णय उपर कुनै अड्डा अदालतमा उजुर र अपिल लाग्ने छैन ।

**३) रेफ्रि समिति**

प्रतियोगिताका प्रत्येक खेलका लागी रेफ्रिहरु नियुक्त गर्ने अधिकार यस समितीमा निहित रहनेछ । प्रतियोगिता अन्तर्गत प्रत्येक खेलको प्रतिवेदन रेफ्रि समिति मार्फत आयोजक समितिमा प्रतियोगिता समाप्त भए पछि बुझाउनु पर्नेछ ।

**नियम (२०) रेफ्रिको भुमिका**

प्रतियोगिताका सम्पूर्ण म्याचहरु संघले नियुक्त गरेका रेफ्रिहरुले संचालन गर्नेछ । खेल दौरान रेफ्रिले लिएको निर्णय अन्तिम र मान्य हुनेछ । रेफ्रिको निर्णय उपर कुनै उजुर अपिल लाग्ने छैन ।

**नियम (२१) चेतावनी र निष्काशन**

१) म्याच दौरान कुनै खेलाडीले एक पटक पहेलो कार्ड पाएमा निज खेलाडीलाई चेतावनी मात्र दिईने छ र सोही खेलाडीलाई पुन: अर्को पटक (प्रतियोगिताको अन्य म्याचमा) पहेंलो कार्ड (२ पटक) पाएमा निजलाई आगामी एक म्याच खेल्नबाट निलम्बन गरिनेछ । एकै म्याच दौरान कुनै खेलाडीले दुई पहेलो कार्ड (रातो कार्ड) पाएमा निज खेलाडीले खेल मैदानबाट निष्काशित हुनु पर्नेछ भने निज खेलाडीले प्रतियोगिताको आगामी एक म्याच खेल्नबाट निलम्बन गरिनेछ साथै कार्डको गणना क्रमिक रुपले गर्दै जानेछ र कुनै खेलाडीले एक म्याचमा पहेलो कार्ड पाई रातो कार्ड पनि पाएमा निज खेलाडीले मैदान निष्काशित हुनु पर्नेछ तथा पहेलो कार्डको गणना यथावत रहनेछ ।

२) प्रतियोगिता दौरान कुनै खेलाडीले एक पहेलो कार्ड पाईसके पछि अर्को म्याचमा पहेलो कार्डका साथै थप रातो कार्ड पाएमा र आगामी दुई म्याच खेल्नबाट निलम्बित हुनेछ ।

३) म्याच दौरान कुनै खेलाडीलाई सिधै रातो कार्ड पाएमा निज खेलाडीले खेल मैदानबाट निष्काशित हुनु पर्नेछ र आगामी एक म्याच खेल्नबाट निलम्बन गरीनेछ । साथै घटनाको प्रकृति हेरी थप अनुशासनिक कारवाही समेत गर्न सकिनेछ ।

४) माथि उल्लेखित रुपमा खेलाडीहरुले पाएको पहेलो तथा रातो कार्ड पाउंदाको अवस्थामा सो घटनाको गम्भीरतालाई छानबीन गरी अनुशासन समितिले थप अनुशासनिका कारवाही समेत गर्न सकिनेछ ।

५) यसै गरी अफिसियलहरुलाई पनि माथि १, २, ३ र ४ मा उल्लेख गरे झै चेतावनी र निष्काशन अनुसार कारबाहि गर्न सकिने छ र सो अनुसार कारबाहि हुदाँ प्लेयर बक्स, खेल मैदानमा अफिसियलको रुपमा कार्य गर्नबाट वञ्चित गरिने छ ।

६) प्रतियोगिता दैरान सहभागी टिमका खेलाडीहरु, अफिशियलहरु वा टिमका समर्थकहरुले खेल मैदानमा रहेका रेफ्रि, सहायक रेफ्रि, सुरक्षित रेफ्रि तथा आयोजक समितिका कुनै पनि पदाधिकारीहरुसंग अभद्र व्यवहार गरी गाली गलौच गरिएको पाईएमा, झै(झगडा गरेमा वा खेल अवरुद्ध गरेमा उक्त टिमलाई नै घटनाको गम्भिरताको जांच गरि आवश्यक कारवाहीका साथै आर्थिक जरिवाना समेत गरिनेछ भने म्याच दौरान कुनै पनि खेलाडीले खेल मैदान भित्र वा बाहीर रेफ्रि माथि हातपात गरी आक्रमण गरेमा त्यस्ता खेलाडीलाई घटिमा १ वर्ष देखि बढिमा ३ बर्ष सम्मका निम्ति निलम्बन गरी संघले संचालन गरेको वा संघको स्विकृतिमा देशभरमा संचालन हुने कुनै पनि प्रतिोगिताहरुमा खेल्न प्रतिबन्ध लगाईनेछ । तत् सम्बन्धि कुनै उजुर बिरोध लाग्ने छैन ।

६) खेल स्वछ खेल भावनाले खेल्नु पर्नेछ । मिलोमतोबाट खेलिने खेललाई निरुत्साहित गरिनेछ । क्लबहरु बिच मिलोमतोबाट खेल खेलिएको ठहर भएमा उक्त दुबै टिमलाई आगामी वर्षको लागि एक श्रेणी तल (सि डिभिजन) मा झारिने छ ।

७) क्लब र खेलाडीहरु बिच मिलेमतो भएको सम्बन्धमा सम्बन्धित क्लबबाट उजुरी परेको अवस्थामा उजुरी बमोजिम ठहर भएमा सो खेलाडीलाई आर्थिक जरीवानाका साथै घटिमा १ वर्ष देखि बढीमा ३ वर्ष सम्मका लागि निलम्बन गरीनेछ भने मिलोमतो गर्ने क्लबलाई सो खेलबाट कुनै अंक प्रदान गरिने छैन । यस सम्बन्धमा आयोजक समितिले अन्य थप कारबाहीको निर्णय समेत गर्न सक्नेछ । यस सम्बन्धमा देशको प्रचलित कानुन बमोजिम समेत कारबाही एवम् सजाय गरीनेछ ।

८) विश्व फुटबल महासंघ (FIFA)को आचार संहिता (FIFA Code of Conduct) अनुरुप यदि कुनै टिमले एकै खेलमा ५ वटा पहेलो कार्ड वा ३ वटा रातो कार्ड पाएमा उक्त टिमलाई रु.१०,०००।-(दश हजार रुपैया) जरीवाना गरीनेछ । प्रत्येक पहेलो कार्डको **रु ५००।-(पांच सय)** र रातो कार्डको **रु ३,०००।-** (तीन हजार) जरीवाना गरीनेछ ।

**नियम (२२) खेल बहिस्कार**

१) एन्फा द्वारा शहिद स्मारक 'बि' श्रेणि लिग २०८१ मा रहभागि हुन मान्यता प्राप्त गरेका 'बि' डिभिजनमा रहेको क्लबहरु मध्ये कुनै पनि क्लब/टिम यस प्रतियोगितामा सहभागी नभएमा उक्त टिम सीधै 'सी' डिभिजनमा झारिनुका साथै नगद रु.५,००,०००।- (पांच लाख रुपैया) जरीवाना गरीनेछ ।

२) यस प्रतियोगितामा सहभागी हुने कुनै पनि टीमले प्रतियोगितामा सहभागी हुन क्लब दर्ता गराई सकेपछि वा खेल तालिका प्रकाशित गरी सकेपछि खेल बहिष्कार गर्न पाउने छैन । खेल बहिष्कार गरेमा सिधै 'सी' डिभिजनमा झारिनुका साथै नगद रु.४,००,०००।(चार लाख रुपैया) जरिवाना गरिनुका साथै बहिष्कार गर्ने टिमलाई थप आवश्यक अनुशासनिक कारवाही समेत गर्न सकिनेछ ।

३) यस प्रतियोगितामा सहभागी कुनै टीमले खेल दौरान खेल बहिष्कार गरेमा विपक्षी टोलीलाई स्वतः बिजयी घोषित गरि ३ अंक र ३ गोलको प्राथमिकता दिईनेछ भने खेल बहिष्कार गरेको अवस्थामा ३ गोल भन्दा बढीले अग्रता भएको अवस्थामा बढी गोललाई नै मान्यता दिईनेछ । बहिष्कार गर्ने टिमले उक्त खेल हारेको मानिनेछ । यसरी खेल बहिस्कार गर्ने टीमलाई सीधै 'सी' डिभिजनमा झारिनुका साथै नगद **रु.३,००,०००।-(तीन लाख रुपैया)** समेत जरीवाना गरिनेछ भने बहिष्कार गर्ने टिमको बांकी टिमहरु संगको खेलहरुमा पनि ३ अंक र ३ गोलको प्राथमिकता प्रदान गरीनेछ । साथै बहिस्कार गर्ने टिमले टिम तयारी वापत बुझी लिएको सम्पुर्ण रकम समेत फिर्ता गर्नुपर्नेछ ।

४) प्रतियोगितामा सहभागी हुनको लागी संघबाट तयारी खर्च लिए पश्चात प्रतियोगितामा टिम दर्ता नगराई वा सहभागिता नजनाएमा टिम तयारी खर्च वापत लिएको सम्पुर्ण रकम फिर्ता गर्नुपर्नेछ साथै सो टिमलाई निलम्वन सहित थप कारवाही समेत गर्न सक्नेछ ।

**नियम (२३) स्थगन खेल(Abondoned Match)/रद्द म्याच (Cancelled Match)/खारेज म्याच (Forfeited Match)**

१)**स्थगन खेल(Abondoned Match)** : प्राकृतिक प्रकोप, प्राबिधिक वा अन्य कुनै कारणले म्याच स्थगन हुन गएको खण्डमा सो खेल पुनः खेलाउन मिति, समय र स्थानको निर्धारण गरी आयोजक समितिले कम्तिमा २४ घण्टा(१ दिन)अघि सूचना जारी गर्नेछ जुन सूचना सहभागी सबै टिमहरुलाई मान्य हुनेछ । यसरी कुनै पनि कारणले स्थगत हुन गएको खेलको अवस्था जे जस्तो छ त्यहिबाट अर्को दिन खेलाईनेछ र उक्त स्थगन म्याचको पहेलो र रातो कार्डको गणना गरीनेछ ।

२) **रद्द म्याच (Cancelled Match)** : प्राकृतिक प्रकोप, प्राबिधिक वा अन्य कुनै कारणले म्याच सुरु हुन नसकि रद्द भएमा कम्तिमा २४ घण्टा(१ दिन)अघि सूचना जारी गरी अर्को दिन सो म्याच खेलाईने छ ।

२) **खारेज म्याच (Forfeited Match)** : सहभागी टिमले आफ्नो म्याचको (Starting List) मा उल्लेख भए बमोजिम १३ जना खेलाडी नभएमा खेल खारेज हुनेछ र विपक्षी टिमलाई ३ अंक र ३ गोल सहित विजेता घोषित गरीने छ ।

**नियम (२४) पत्रकार सम्मेलन**

यस प्रतियोगितामा सहभागी भएका टिमहरुले आ-आफ्नो टिमको खेल समाप्त भए पश्चात १०-१५ मिनेट भित्र दुवै टिमका मुख्य प्रशिक्षकले पोष्ट म्याच Conference मा अनिवार्य सहभागी हुनुपर्नेछ । साथै खेल मैदानमा खेल शुरु हुनुभन्दा अगाडी तथा खेल मध्यान्तरमा टिमका कुनै पनि खेलाडी वा अफिसियलले कुनै पनि अर्न्तवार्ता तथा मन्तव्यहरु दिन पाईने छैन तर खेल समाप्त भए पश्चात पोष्ट म्याच Conference मा अर्न्तवार्ता तथा फोटो खिचाउन सक्नेछ ।

**नियम (२५) औषधी उपाचार व्यवस्था**

१) यस प्रतियोगिता दौरान कुनै पनि खेलाडीहरुलाई खेल मैदान भित्र खेल खेल्दा कुनै चोट पटक तथा दुर्धटना भएको अवस्थामा त्यस्ता खेलाडीहरुलाई आयोजक समितिले प्रथमिक उपचार मात्र उपलव्ध गराइने छ भने त्यस भन्दा बाहेकका औषधी उपचार गर्न आवशयक भएमा संघ र सम्बन्धित टिम बिचको आपसी सहमतिमा संघको डक्टरको सल्लाह तथा सुझाव अनुरुप थप उपचारको व्यवस्था मिलाईनेछ ।

**नियम (२६) विरोध पत्र**

प्रतियोगिता अन्तर्गतको कुनै पनि म्याचमा कुनै पनि टिमले आफ्नो विपक्षि टिम बिरुद्ध विरोध पत्र दर्ता गर्नु परेमा खेल सकेको २ घण्टा भित्र रु १०,०००।-(दश हजार) सहित लिखित विरोध पत्र म्याच कमिस्नरलाई दर्ता गराउन सक्ने छ र खेल सकेको १ दिन भित्र क्लब/टिमले आधिकारीक रुपमा विरोधपत्र एन्फा सचिवालयमा दर्ता गराउन पर्नेछ। सो बारे आयोजक समितिले सो विरोध पत्र अनुसासन समितिमा पठाउने छ र अनुसासन समितिले सो बारे अध्ययन अनुसन्धान गरेर निर्णय गर्नेछ।

**नियम (२७) डोपिङ्ग परिक्षण**

शक्तिवर्धक औषधी सेवन गरी कुनै पनि म्याच खेल्न पाईने छैन, आयोजक समितिले आवश्यकता अनुसार खेलाडीको डोपिङ्ग परिक्षण समेत गर्न सकिने छ।

## परिच्छेद-३

## आर्थिक पक्ष एवम् पुरस्कार तथा प्रमाण(पत्र)

१) यस प्रतियोगितामा सहभागी टिमहरुलाई प्रतियोगितामा सहभागि भए बापत एन्फा कार्यसमितिको निर्णय अनुसार ***रु.१४,५०,०००।-(चौध लाख पचास हजार रुपैया)*** संघले उपलब्ध गराउनेछ। सो रकम सहभागी क्लबहरुलाई दुई किस्तामा प्रदान गरीनेछ। प्रतियोगिता सुरु हुनु भन्दा अघि पहिलो किस्ता बापत **रु.८,७०,०००।-(आठ लाख सत्तरी हजार)** र दोस्रो किस्ता तथा दोस्रो किस्ता प्रतियोगिता समाप्त भईसकेपछि **रु.५,३०,०००।-(पाँच लाख असी हजार)** प्रदान गरिने छ।

**पुरस्कार तथा प्रमाण पत्र**

१) प्रथम स्थान हासिल गर्ने टिमलाई नगद ***रु.१५,००,०००।-(पन्ध्र लाख रुपैया)*** का साथै खेलाडी तथा अफिसियललाई पदक तथा प्रमाण-पत्र सहित शहिद स्मारक शिल्ड प्रदान गरीनेछ।

२) द्धितिय स्थान हासिल गर्ने टिमलाई नगद ***रु.१०,००,०००।-(दश लाख रुपैया)*** का साथै खेलाडी तथा अफिसियललाई पदक तथा प्रमाण-पत्र प्रदान गरीनेछ।

३) तृतिय स्थान हासिल गर्ने टिमलाई नगद ***रु.५००,०००।-(पाँच लाख रुपैया)*** का साथै खेलाडी तथा अफिसियललाई पदक तथा प्रमाण-पत्र प्रदान गरीनेछ।

४) प्रत्येक म्याचमा विजयी टिमलाई नगद ***रु.२५,०००।-(पच्चिस हजार रुपैया)*** प्रदान गरीनेछ भने खेल बराबरी रहेमा दुबै टिमलाई १०,०००।-/१०,०००।- प्रदान गरीने छ।

५) प्रत्येक म्याचमा म्यान अफ दि म्याच बराबर ७,५००।-(सात हजार पाँच सय) पुरस्कार प्रदान गरीनेछ।

६) प्रतियोगिता अवधिभर अनुशासित भै खेल्ने टिमलाई फेयर प्ले (Fair Play) टिममा घोषित गरी ट्रफि र नगद रु.१,००,०००।( एक लाख रुपैया) प्रदान गरीनेछ।

७) प्रतियोगिता अवधिभरमा सबैभन्दा बढी गोल गर्ने खेलाडी (Highest Scorer) लाई रु. ५०,०००।- (पचास हजार), उत्कृष्ट गोलकिपरलाई रु. ५०,०००।- (पचास हजार) र प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई रु. १,००,०००।- (एक लाख) पुरस्कारबाट पुरस्कृत गरीनेछ।

माथि उल्लेखित पुरस्कारहरु संघले तोकेको समय र मितिमा सम्बन्धित क्लबका खेलाडी, प्रशिक्षक तथा अफिशियलहरुबाट अनिवार्य रुपले सहभागी भै ग्रहण गर्नु पर्नेछ। पुरस्कार बितरण कार्यक्रममा सहभागी नहुने वा बिना कारणले पुरस्कार बहिस्कार गर्ने खेलाडी, प्रशिक्षक तथा अफिशियलहरुलाई संघले अनुशासनिक कारवाही गरीनेछ।

## परिच्छेद-३

## मुल्याङ्कन तथा छनौट समिति

उपरोक्त माथि उल्लेखित पुरस्कार निष्पक्ष एवम् स्वछ ढंगबाट प्रदा गर्नका लागि तपशिलमा उल्लेखित तीन देखि पांच सदस्य निर्णायक समितिको गठन गरीनेछ। सो निर्णायक समितिको निर्णय अनुसार पुरस्कारहरु प्रदान गरीनेछ।

१) संयोजक- लिग समितिको प्रतिनिधि - १ जना

२) सदस्य - एन्फा प्राविधिक समितिको प्रतिनिधि - १ जना

३) सदस्य - १ जना (प्रशिक्षक)

## विविध

**नियम (१) बादविवाद**

यस प्रतियोगिता सम्बन्धमा कुनै पनि बाद विबादलाई समाधान गर्ने अन्तिम अधिकार संघमा निहित रहने छ ।

**नियम (२) नियमावलीको व्याख्या**

यस नियमावलीको विस्तृत व्याख्या गर्नु परेमा सोको अधिकार अखिल नेपाल फुटबल संघमा मात्र निहित रहने छ र सो सबै सहभागी टिमहरुलाई मान्य हुनेछ ।

**नियम (३) संसोधन**

यस प्रतियोगिता नियमावलीमा संसोधन गर्नु परेमा प्रतियोगितामा सहभागी 'बि' डिभिजनको क्लबहरु र संघको आपसी सहमतिमा संसोधन गर्न सक्ने अधिकार संघमा मात्र निहित रहनेछ ।

**नियम (४) सर्वोपरिता**

यस नियमावलीलाई लागु गर्ने सर्वोपरिता संघमा मात्र अन्तर्निहित रहने छ ।

**नियम (५) वाधाअड्काउ**

यस नियमावली बमोजिम कार्य गर्दा कुनै वाधाअड्काउ आएमा संघले आवश्यक निर्णय गरी बाधाअड्काउ फुकुवा गर्न सकिनेछ ।